# नेपाल गजेट

## भाग ४

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं चैत्र १२ गते २०१३ साल

### अर्थ (आय) मन्त्रालयको विज्ञप्ति

सरकारी अड्डाखानाको जिम्मामा रहेको माल सामानहरू सरकारी कामको निमित्त सरहदको एक भागबाट अर्को भागमा सरकारिया अड्डाखाना वा अड्डाखाना मार्फत गैरसरकारी व्यक्ति वा संस्था समितिबाट समेत लाँदा ल्याउँदा र हाम्रो सरहदभै उब्जे बनाएको मालसामान सरकारी कामको निमित्त उपरोक्त लेखिएबमोजिम सरहदमै लाँदा ल्याउँदा समेत भंसार महसूल नलिई छाडिदिने आदेश होस् भनी विभिन्न मन्त्रालयहरूबाट लेखी आई सोबमोजिम गर्न काठमाडौं समेतका सरोकारवाला भन्सारहरूलाई अडर पठाउँद पारिहेकोले अबउप्रान्त यो यो माल सामान सरहदको यो ठाउँबाट यो ठाउँमा लाने ल्याउने हो भनी सरोकारवाला मन्त्रालयका सेक्रेटरी या विभागीय प्रमुखले लेखी पठाएको निस्सा प्रमाण सामेल रहेको माल सामानहरूमा सरोकारवाला भन्सारहरूले जाँची लगतसम्म राखी भंसार महसूल



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४६२

नमिर्ई छाडिदिने ( त्यस्तो सरकारी माल सामान या सरकारिया कामको निमित्त हाम्रो शरहदमै उब्जे बनाएको मालसामान ल्यांदा त्यसँदा सरोकारवाला मन्त्रालयका विभागीय प्रमुखहरूले पनि उक्त नियम पालना गर्नुहोला भन्ने स्थायी सूचना प्रकाश गरिदिने ११।१।०१३ मा निर्णय भएको हुनाले सरोकारवाला सबै अड्डाखानाबाट उपरोक्त लेखिएबमोजिम गर्नै गराउन यो विज्ञप्ति प्रकाश गरिएको छ।

यसरी आन्तरिक दसार पसार गरिएका माल सामानहरू सम्बन्धित भंसारबाट छुटाउनुभन्दा पहिले सरोकारवाला व्यक्ति [कर्मचारी] ले प्रमाणपत्र भर्नुपर्ने व्यवस्था कायमै रहेको छ।

आज्ञाले—
नीरराज,
का. मु. सेक्रेटरी-अर्थमन्त्रालय.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।